सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## कवाडी तथा मृत जीवजन्तुको हाड, सिंग, खुर तथा छाला आदी निकासी कर सम्वन्धी शिलबन्दी प्रस्ताव आह्वान गरिएको सूचना !
(चौथो पटक प्रकाशन मितिः- २०८१/०७/०७)

आ.व. २०८१/०८२ को स्वीकृत आर्थिक ऐन तथा सरुमारानी गाउँकार्यपालिकाको मिति २०८१।०४।३२ गतेको निर्णय अनुसार यस सरुमारानी गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले कृषि तथा पशुजन्य वस्तु तथा जडिवुटि, वनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक निकासी गर्ने सम्बन्धी कार्य इच्छुक फर्म/कम्पनी वा संस्थाले तपशिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र तपशिलमा उल्लेखित शर्त बमोजिमको समयमा प्रस्ताव फारम खरिद तथा दाखिला गर्न यो सूचना प्रकाशित गरिएकोछ ।

तपिशल

| ठेक्का न | विवरण | न्यूनतम ठेक्का मूल्य (मू.अ.कर समेत) | जमानत रकम | प्रस्ताव फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| SRM/SQ/IR-01/081/82 | कवाडी र मृत जीवजन्तुको हाड,सिंग,खुर तथा छाला आदी निकासी कर | ३,००,०००.०० | कवोल अंकको ३ प्रतिशत | १०००.०० | |

१. इच्छुक प्रस्तावदाताले व्यक्ति भए नागरिक्ताको प्रतिलिपी तथा फर्म/व्यवसायको हकमा प्रचलित कानून वमोजिम दर्ता भएका वा इजाजत प्राप्त फर्म वा संस्थाले फर्म वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८०।०८१ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०८०/०८१ सम्मको फर्म नविकरण प्रमाणपत्र प्रतिलिपी, नेपाली नगरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको ७ औं दिनको (मितिः २०८१।०७।१७ गते) कार्यालय समयसम्म प्रस्ताव फारम खरिद गर्नु पर्ने छ ।

२. यस सूचना प्रकाशन भएको मितिले ८ औं दिन (मिति २०८१।०७।१४) को १२.०० बजे भित्र यस कार्यालयवाट खरिद गरिएको प्रस्ताव फारम भरी कार्यालयले प्रमाणित गरेको सक्कल प्रस्ताव फारममा आफूले उक्त कार्य के कति रकममा गर्न सक्ने हो स्पष्ट खुलाई शिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ । कार्यालयमा पेश भएका उक्त प्रस्तावहरु सोही दिनको २.०० बजे वोलपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।

३. प्रस्ताव फारम खरिद बापतको रकम यस कार्यालयको प्राईम कमर्शियल बैंक सरुमारानी शाखामा रहेको GA 1.1 SARUMARANI ANTARIK RAJASWA KHATA 0680100000038500117 खातामा जम्मा गरेको कारोबार

संकेत नं. सहितको सक्कलै भौचर अथवा https://sutrarevenue.fcgo.gov.np (स्थानीय राजश्व पोर्टल) मार्फत अनलाइन भुक्तानी गरेको भौचर प्रस्ताव फारम संग संलग्न गरी पेश गर्नुपर्नेछ ।

४. जमानत रकम कवोल अंकको ३ प्रतिशत यस कार्यालयको प्राईम कमर्शियल बैंक सरुमारानी शाखामा रहेको GA.3 SARUMARANI DHARAUTI KHATA-06801000000039400101 मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको प्रस्ताव दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको विडवण्ड प्रस्ताव फारमको साथ दाखिला गर्नु पर्नेछ ।

५. आय ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराईने प्रस्ताव फारममा उल्लेख गरिएको छ । वोलपत्रदाताले उक्त सबै शर्तहरु पूरा गर्नुपर्नेछ । थप जानकारीको लागि कार्यालयको वेवसाइट https://sarumaranimun.gov.np/ र फोन नं. ९८४७८२०४९१ मा सम्पर्क गर्न सकिनेछ ।

..........................

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक

प्रमुख प्रशासकीय अधिकृत